बागमती प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

हेटौंडा, नेपाल

प.सं. २०८१/०८२ च.नं. प्र. ९३१२ मितिः२०८१/०८/१२

विषयः जानकारी तथा कार्यान्वयन सम्बन्धमा।

श्री मन्त्रालय/निकाय (सबै),
बागमती प्रदेश, हेटौंडा।

मिति २०८१ साल मङ्सिर ११ गते मङ्गलबार बसेको बागमती प्रदेश सरकारका सचिवज्यूहरुको बैठकको निर्णय जानकारी तथा कार्यान्वयनका लागि यसैसाथ संलग्न गरी पठाइएको बेहोरा निर्देशन अनुसार अनुरोध छ।

(रविनजंग कार्की)
अधिकृत सातौं

सादर अवगतार्थः

श्रीमान् प्रमुख सचिवज्यूको सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेटौंडा।

बोधार्थः

श्री सूचना तथा सञ्चार समन्वय शाखाः Website मा Upload गरिदिनुहुन।

फोन : ०५७-५२२३८५,३८७, ८९८, ३९७ फ्याक्स : ०५७-५२७५०७, Email: ocmcm@bagamati.gov.np,
URL: https://ocmcm.bagamati.gov.np/

मिति २०८१ साल मङ्सिर ११ गते बसेको बागमती प्रदेश सरकारको सचिव बैठकका निर्णयहरु

१. नेपाल सरकार, सचिव बैठक तथा प्रमुख सचिवसहित प्रदेश सचिवहरूको बैठकका निर्णयहरू तदारुकताका साथ कार्यान्वयन गर्ने/गराउने तथा कार्यान्वयनको अवस्थाको विवरण अद्यावधिक गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाउने।

२. विषयगत मन्त्रालयले मन्त्रालय र अन्तर्गत कार्यरत कर्मचारीहरुको विवरण अद्यावधिक गर्ने। साथै, स्थानीय तहमा कार्यरत विषयगत मन्त्रालयको सेवा/समूहसँग सम्बन्धित कर्मचारीहरुको विवरणसमेत अद्यावधिक गर्ने।

३. अख्तियार दुरूपयोग अनुसन्धान आयोग लगायतका नियामक निकायहरूबाट कारवाहीका लागि लेखी आएका पत्रहरूको जवाफ समयमै पठाउने। यस्ता व्यहोराका पत्रहरूको विवरण/अभिलेख अद्यावधिक गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समेत बोध गराउने।

४. प्रदेश सरकार मन्त्रिपरिषद्‌बाट निर्णय गराउनुपर्ने महत्वपूर्ण विषयहरूमा संभाव्य त्रुटी हुन नदिन विषयगत मन्त्रालयहरूबाट प्रस्ताव तयार गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग समन्वय गर्ने।

५. महालेखापरीक्षकको कार्यालयबाट हुने अन्तिम लेखापरीक्षणका लागि लेखापरीक्षण अवधिभरी डोरसँग समन्वय गर्ने प्रयोजनका लागि सम्वन्धित कार्यालय प्रमुख अनिवार्य कार्यालयमा उपस्थित हुने।

६. सबै मन्त्रालय/निकायहरूले अनिवार्य रूपमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लै.स.सा.स.)सम्पर्क व्यक्ति तोक्ने। यसरी तोकिने सम्पर्कको ईमेल ठेगाना, मोवाइल नं. लगायतको विवरणसहित वेबसाइटमा समेत प्रकाशन गर्ने र सोको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गराउने। विषयगत मन्त्रालयहरूले GESI Audit Report समेत नियमित रूपमा तयार पारी सामाजिक विकास मन्त्रालयमा उपलब्ध गराउने।

७. प्रदेशका निजामती कर्मचारी तथा स्थानीय तहका कर्मचारीहरूको सरूवालाई व्यवस्थित र वस्तुनिष्ठ बनाउन देहायबमोजिमको समिति गठन गर्ने तथा कार्यदलबाट एक (१) महिनाभित्रमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रतिवेदन प्राप्त हुने गरी समयावधि तोक्ने। समितिले आफ्नो कार्यशर्त आफै तर्जुमा गर्ने।

२०८१।८।११

मिति २०८१ साल मङ्सिर ११ गते बसेको बागमती प्रदेश सरकारको सचिव बैठकका निर्णयहरु

देहायः

- प्रदेश सचिव, बैठक तथा प्रशासन महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — संयोजक
- प्रदेश सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय — सदस्य
- प्रदेश सचिव, खानेपानी, उर्जा तथा सिंचाई मन्त्रालय — सदस्य
- प्रदेश सचिव, श्रम, रोजगार तथा यातायात मन्त्रालय, — सदस्य
- प्रदेश सचिव, सामाजिक विकास मन्त्रालय — सदस्य
- प्रदेश सचिव, स्वास्थ्य मन्त्रालय — सदस्य
- अधिकृत नवौं, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — सदस्य सचिव

२०८१।८।११